एपिएफसँग मनाङ स्तब्ध

हिमालय टाइम्स

काठमाडौं, ५ फागुन

सशस्त्र प्रहरी बलको एपिएफ क्लबले मनाङ मर्स्याङ्दी क्लबलाई स्तब्ध पारेको छ । बिहीबार शहीद स्मारक ए डिभिजन लिगअन्तर्गत भएको खेलमा मनाङविरुद्ध एपिएफले सानदार पुनरागमन जित हात पारेको हो । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा एपिएफले मनाङमाथि ३-१ को जित हात पारेको हो ।

एपिएफका लागि पुनरागमन जितमा आशिष लामा, मणिकुमार लामा र कप्तान नवीन लामाले एक/एक गोल गर्नुभयो । मनाङका कप्तान अञ्जन विष्टले एक गोल फर्काउनुभएको थियो ।

३७औँ मिनेटमा अञ्जनले विशाल सुनारको थ्रोमा गोलरक्षक अघि बढेको अवस्थामा हेडर गोल गर्दै मनाङलाई १-० को अग्रता दिलाउनुभएको थियो । मनाङको अग्रता धेरै बेर टिकेन । ४०औँ मिनेटमा आशिषले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याउनुभयो । कप्तान नवीनको पासमा आशिषले डिफेन्डर नरेन्द्र चौधरीलाई बिट गर्दै गोल गर्नुभएको थियो । ८१औँ मिनेटमा सब्सिच्युट मणिकुमार लामाले गोल गर्दै एपिएफलाई २-१ ले अघि बढाउनुभयो । त्यसको पाँच मिनेटपछि नै कप्तान नवीनले गोल गर्दै एपिएफलाई ३-१ को जित दिलाउनुभएको हो ।

यो जितसँगै एपिएफ रेलिगेसन जोनबाट समेत जोगिएको छ । एपिएफको ११ खेलबाट १४ अंक पुगेको छ । एपिएफ आठौं स्थानमा उक्लिएको छ । पराजित मनाङ ११ खेलबाट २० अंक जोडेर दोस्रो स्थानमा यथावत् रहेको छ ।

यस्तै बिहीबार नै भएको अर्को खेलमा संकटा क्लबलाई पराजित गर्दै न्युरोड टिम (एनआरटी) लिगको पाँचौं स्थानमा उक्लिएको छ । एनआरटीले संकटालाई १-० गोल अन्तरले पराजित गरेको हो । एनआरटीको जितमा स्टेफन समिर विनोडले निर्णायक गोल गर्नुभएको थियो ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा उहाँले २८औँ मिनेटमा सरोज तामाङको लामो पासलाई नियन्त्रणमा लिँदै दुई डिफेन्डरबीचबाट गोल गर्नुभएको थियो ।

एनआरटीको यो चौथो जित हो । एनआरटीले चार जित, पाँच बराबरी र दुई हारको नतिजा निकालेको छ । संकटाको यो दोस्रो हार हो । यसअघि संकटाले थ्रिस्टारसँग १-० को हार बेहोरेको थियो । संकटाले ११ खेलमा तीन जित, ६ बराबरी र दुई हारको नतिजा निकालेको छ ।

जितसँगै सातौं स्थानमा रहेको एनआरटी पाँचौं स्थानमा उक्लिएको छ । एनआरटीले संकटा र सातदोबाटोलाई पछि पारेको हो । पराजित संकटा ११ खेलबाट १५ अंक जोडेर छैटौं स्थानमा रहेको छ ।

थापालाई राखेपको कार्यकारी अधिकार

हिमालय टाइम्स

काठमाडौं, ५ फागुन

राष्ट्रिय खेलकुद परिषद् (राखेप) अन्तर्गत खेलकुद प्रतियोगिता तथा योजना विभागका प्रमुख कुलबहादुर थापालाई राखेपका सदस्य-सचिवको अनुपस्थितिमा सदस्य-सचिवले सम्पादन गर्ने प्रशासनिक तथा आर्थिक अधिकार प्रयोग गर्ने अधिकार प्रदान गरिएको छ ।

'नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार राखेपको सदस्य-सचिवको अनुपस्थितिमा निजले सम्पादन गर्ने प्रशासनिक तथा आर्थिक अधिकार परिषद्का अध्यक्षले मन्त्रालयका महाशाखा प्रमुख वा परिषद्का वरिष्ठ कर्मचारीलाई दिने निर्णय भएबमोजिम राखेपका सदस्य-सचिव अनुपस्थित रहेको अवस्थामा निजले सम्पादन गर्ने प्रशासनिक तथा आर्थिक अधिकार प्रयोग गर्ने अधिकार तपाईंलाई दिएको छु,' राखेप अध्यक्षसमेत रहेका युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजद्वारा हस्ताक्षरित पत्रमा उल्लेख गरिएको छ ।

थापासँग राखेप मातहतका विभिन्न विभाग र शाखामा प्रमुख भई काम गरेको अनुभव छ । यसअघि थापा प्रशासन विभाग र खेलकुद विकास विभाग प्रमुखको जिम्मेवारीमा रहनुभएको थियो । त्यस्तै थापाले प्रचारप्रसार शाखा, कर्मचारी प्रशासन शाखालगायतमा प्रमुख भई काम गरिसक्नुभएको छ ।

समारोह विज्ञका रूपमा परिचित थापाले पाँचौंदेखि आठौं राष्ट्रिय खेलकुद समारोह उपसमितिको महत्त्वपूर्ण जिम्मेवारीमा रही काम गर्नुभएको छ । नेपालमै भएको १३औं दक्षिण एसियाली खेलकुद (साग) मा थापाले समारोह निर्देशकको महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । थापाले बिहीबार पदबहाली गर्नुभएको छ ।

फागुन २१ गतेदेखि झापा गोल्डकप, मस्कट, गीत र नारा सार्वजनिक

पार्थ मण्डल/हिटा

झापा, ५ फागुन



पाँचौं संस्करणको झापा गोल्डकप नजिकिएसँगै मस्कट, गीत र नारा सार्वजनिक गरिएको छ । झापा गोल्डकप मूल आयोजक समितिले बिहीबार बिर्तामोडस्थित सचिवालयमा आयोजित पत्रकार सम्मेलनमार्फत् गोल्डकपको मस्कट, गीत र नारा सार्वजनिक गरेको हो ।

पाँचौं संस्करण झापा गोल्डकप यही फागुन २१ गतेदेखि ३० गतेसम्म बिर्तामोड-३ स्थित डोमालाल राजवंशी रंगशालामा आयोजना हुन लागेको छ । गोल्डकपलाई अझ उत्कृष्ट, भव्य र परिष्कृत बनाउन पहिलोपटक औपचारिक गीत निर्माण गरिएको झापा गोल्डकपका अध्यक्ष विनोद बस्नेतले जानकारी दिनुभयो ।

झापाको भूगोल र यहाँका स्थानीयवासीको फुटबलप्रतिको लगावलाई समेट्दै जिल्लालाई फुटबल खेलको हबका रूपमा विकास गर्ने उद्देश्यले गीत निर्माण गरिएको अध्यक्ष बस्नेतको भनाइ छ । गीतकार वसन्त थाम्सुहाङको रचना रहेको गीतमा पारस मुकारुङले संगीत भर्नुभएको छ । गीतमा गायक डम्बर नेपाली, भीषण मुकारुङ, सुनिता थेगिम र दीपा लामाको स्वर रहेको छ ।

त्यस्तै झापा गोल्डकपको औपचारिक मस्कटका रूपमा हात्तीको छावालाई प्रतिनिधित्व गराइएको छ । छावाले फुटबल किक गर्दै गरेको प्रतीकका रूपमा मस्कट निर्माण गरिएको छ । मस्कटको निर्माण कलाकार पवन राजवंशीले गरेको जनाइएको छ । त्यसैगरी यो वर्षको झापा गोल्डकपको नारा 'डोमालाल राजवंशी रंगशालाको संरक्षण, झापा गोल्डकप झापालीको पहिचान' तय गरिएको छ ।

झापामा स्थायी रंगशाला निर्माण गर्ने उद्देश्यका साथ यो नारा सार्वजनिक गरिएको उहाँले बताउनुभयो । गोल्डकप नजिकिएसँगै डोमालाल राजवंशी रंगशालाको स्तरोन्नति र मर्मत कार्य सुरुसमेत गरिएको छ । खेल मैदानको आकर्षणमा कुनै कृत्रिमता नहुने र प्राकृतिक घाँसे मैदानलाई मिलाएर बुट्टादार बनाइने काम धमाधम भइरहेको छ । रंगशालामा करिब १० हजार दर्शक बस्न सक्ने गरी बाँसको प्यारापिट पनि निर्माण गरिने समितिका महासचिव गजेन्द्रबहादुर पौडेलले जानकारी दिनुभयो ।

झापा गोल्डकपको विजेताले नगद १२ लाख ५५ हजार र उपविजेताले नगद ६ लाख पाँच हजार रुपैयाँ प्राप्त गर्ने कोषाध्यक्ष केदार गिरीले जानकारी दिनुभयो । गोल्डकप सम्पन्न गर्न एक करोड ४० लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । त्यस्तै, मोस्ट भ्यालुएबल प्लेयरलाई एक थान मोटरसाइकल, उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट प्रशिक्षकलाई नगद २१ हजार र उच्च गोलकर्तालाई नगद २५ हजार प्रदान गरिनेछ । प्रत्येक खेलको म्यान अफ द म्याचलाई नगद नौ हजार ९९९ रुपैयाँ दिइनेछ । प्रतियोगितामा आयोजक झापा ११ फुटबल क्लबसहित नेपालका ए डिभिजन क्लब, मोफसलका एक वा दुई क्लब र विदेशी क्लबको सहभागिता रहनेछ ।

बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
१ नं प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सुचना प्रकाशित मिति २०७८/११/०६ गते

यस कार्यालयबाट मिति २०७८/०९/०७ गतेको हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचनामा बिर्तामोड नगरपालिकामा आवश्यक सब-बेस मेटेरियल्स खरिद तथाआपुर्ती गर्ने कार्यको विद्युतिय खरिद प्रणाली (e-gp) मार्फत बोलपत्र आब्हान भई माग भए अनुसार तपशिल बमोजिमका ठेक्कामा पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको बोलपत्र, यस कार्यालयको मिति २०७८/११/०४ मा निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

सि. न.	बोलपत्रको विवरण	स्विकृतिको लागि छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक (भ्याट सहीत)	कैफियत
१	Procurement & Supply of natural Sand Gravel Sub base materials (BTMMUN/GOODS/NCB-23/078-79)	M/SAnupama C.T. Construction Pvt. Ltd., Mechinagar, Jhapa	NRs. 42,62, 925.00/-	न्यूनतम मूल्यांकित कबोल रकम, सारभूत रुपमा प्रभावग्राही

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना
ओखलढुंगा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।११।०६)

यस आयोजनाद्वारा तपसिलका निर्माण कार्यका लागि मिति २०७८।०९।२८ गते बुधवारको हिमालयन टाइम्स र मिति २०७८।०९।३० गते शुक्रवारको नागरिक दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक प्राप्त भएका सम्पूर्ण बोलपत्रहरुमध्ये तपसिलको सि.नं. १ देखि ७ सम्मका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेको पाइएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ को प्रयोजनार्थ र सि.नं.८ मा उल्लेखित कार्यको लागि प्राप्त बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्यांकन हुदाँ सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताहरु (Substantial Responsive Bidders) तल तालिकामा निर्धारण गरिएकोले सो नियमावलीको नियम ३१ (ङ) उपनियम (५) अनुसार २०७८।११।१३ गते विहान १२:०० वजे आयोजना कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकाले सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

सि. नं.	ठेक्का नं.	आयोजनाको नाम	न्युनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना	कबोल रकम रु (मु.अ.कर र PS बाहेक)
१	PUDBC/OKHALDHUNGA/ WORKS/NCB/08-2078/079	Construction of Sewer Dreain at Rampur Bazar, Okhaldhunga.	K.P. Construction (Birendranagar, Surkhet)	21,11,621.80
२	PUDBC/OKHALDHUNGA/ WORKS/NCB/10-2078/079	Integrated Settlement Development & Infrastructure Development at Khumjung, Solukhumbu	M.K. Nirman Sewa. (Solududhkunda na.pa 4)	25,82,008.00
३	PUDBC/OKHALDHUNGA/ WORKS/NCB/11-2078/079	Integrated Settlement Development & Infrastructure Development at Lukla, Solukhumbu.	D.C. Construction (Katari-13 Udaypur).	32,29,613.00
४	PUDBC/OKHALDHUNGA/ WORKS/NCB/12-2078/079	Upgradation of Bopung-Dumribote-Bangsila Road , Khotang	Khilung Kalika Construction Pvt. Ltd. (Bhirkot-7, Syangja)	78,23,388.05
५	PUDBC/OKHALDHUNGA/ WORKS/NCB/13-2078/079	Upgradation and Improvement of Road and Drain at Ainselukharka Market Area, Khotang	K.P. Construction (Birendranagar,Surkhet)	23,16,713.00
६	PUDBC/OKHALDHUNGA/ WORKS/NCB/14-2078/079	Upgradation of Diktel-Alchhedhunga-Nerpa Dumri Road , Khotang	Utsav Nirman Sewa. (Phidim-4, Panchthar)	43,50,115.50
७	PUDBC/OKHALDHUNGA/ WORKS/NCB/15-2078/079	Upgradation of Jantedhunga-Okalung-Chisapani Road , Khotang	K.P. Construction (Birendranagar, Surkhet)	37,48,999.20
८	PUDBC/OKHALDHUNGA/ WORKS/NCB/09-2078/079	Infrastructure Development at Rumjatar, Okhaldhunga.	K.M.Engineers Builders Pvt.Ltd (Kathmandu)	

आयोजना प्रमुख

Tadi Rural Municipality
Office of Rural Municipal Executive
Kharanitar, Nuwakot
Bagmati Province, Nepal

Invitation for Bids for 06/TRM-078/079

First Date of Publication: 18thFebruary 2022

1. Tadi Rural Municipality, Office of the Rural Municipal Executive, Kharanitar, Nuwakot invites electronic bids from registered contractors/ eligible bidders for construction of following work under National Competitive Bidding Procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Office of Rural Municipal Executive, Kharanitar, Nuwakot, e-mail: ito.tadimun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Agricultural Development Bank Limited, Kharanitar Branch, Nuwakot
   Name of Office: Tadi Rural Municipality, Office of the Rural Municipal Executive, Kharanitar, Nuwakot
   Office Revenue Account: 02-133-00985848-02-2
   Rajaswa (revenue) Shirshak no. : 14229 (Aanya Prasasanik Dastur)
4. Electronic Bids must be submitted separately for all packages or any package (contract) through website http://www.bolpatra.gov.np/egp on or before 12:00 noon on **20th March 2022,** as specified in the Instructions to Bidders. Bids received after this deadline will be rejected.
5. Pre-bid meeting shall not be held .
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at the office of 1:00 PM on **20th March 2022.** Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at Dharauti account No.: **02-133-00985850-01-9** on behalf of Tadi Rural Municipality, Office of the Rural Municipal Executive, Kharanitar, at Agricultural Development Bank Limited, Kharanitar branch, Nuwakot or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. The name and identification of the contract are as follows:

S.No.	Contract Identification No.	Description of Works	Estimated Amount Without VAT & Contingency	Bid Security Amount	Bid Document Fee
1	TRM/NCB/ WASH/05-078/79	Simalgairi Narja Katunje Dumre Khanepani Aayojana	NRs. 25,89,737.37	NRs. 70,000.00	NRs. 3,000.00

Asst. Chief Administrative Officer